# शिलबन्दि बोलपत्र आह्वानको सूचना

प्रकाशित मिति: २०७३।१२।०९

यस तिनाउ बिकास बैंक लिमिटेडले रूपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालीका वडा नं. ८, बर्मेलिटोल नारायणथान पथमा शाखा कार्यालयको आन्तरीक बनावट, सजावट तथा फर्निचर सम्बन्धि कार्य गर्नको लागि यो बोलपत्र आह्वान गरिएको व्यहोरा इच्छुक फर्म तथा कम्पनीहरूलाई जानकारी गराउंदछौं।

**क) बोलपत्रदाताले पेश गर्नुपर्ने कागजातहरू:**

- बोलपत्रदाताको फर्म र कम्पनीको सम्पूर्ण विवरण (एचयाषभि) कार्य अनुभव विवरण सहित।
- मूल्य अभिबृद्धि कर दर्ता, फर्म तथा संस्था दर्ता प्रमाण पत्र, अख्तियारी पत्र, कर चुक्ता प्रमाण पत्र तथा अन्य सम्बन्धीत आवश्यक कागजपत्रहरू।
- कार्य सम्पादन गर्ने समय किटान हुनु पर्नेछ।
- आन्तरीक सजावट, बनावट, इलेक्ट्रिकल र फर्निचर सम्बन्धि कार्यको दर रेट पेश गर्नु पर्नेछ।
- बोलपत्र रकमको कम्तीमा ५(पांच) प्रतिशत धरौटि वापत नगद बैंक जम्मा भौचर वा बैंक जमानत पत्र (विड बण्ड) पेश गर्नु पर्नेछ।

ख) बैंकको शाखा कार्यालय निर्माण सम्बन्धि विस्तृत जानकारी तथा निर्माण कार्यको बिल अफ क्वन्टिटि केन्द्रिय कार्यालय बुटवलबाट प्राप्त गर्न सक्नुहुनेछ।

ग) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृती गर्ने सम्पुर्ण अधिकार बैंकमा निहित रहनेछ। साथै बोलपत्र स्वीकृत र अस्वीकृतको कारण दिन बैंक बाध्य हुने छैन।

घ) बोलपत्र दाताको छनौट गर्दा मूल्य, समय तालिका, गुणस्तरीयता, अनुभव र सेवालाई आधार लिइनेछ।

ङ) सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा बैंकको केन्द्रिय कार्यालयमा शिलबन्दि लाहछाप लगाई बोलपत्र बुझाइ सक्नुपर्नेछ।

च) अवधि समाप्ति पश्चात आएको, केरमेट भएको, आधिकारीक हस्ताक्षर नभएको, संस्थाको छाप नभएको तथा रीत पुरा नगरी पेश गरेको बोलपत्रलाई छनौटमा समावेश गरिने छैन।

छ) बोलपत्र सुचना प्रकाशित भएको मितिले सोह्रौं दिनमा बैंकको केन्द्रिय कार्यालयमा दिनको ४.०० बजे खोलिनेछ।

ज) बोलपत्रदाताको अनुपस्थितीमा समेत बोलपत्र खोल्न सकिनेछ।

'समृद्धिको सहयात्री'

**तिनाउ विकास बैंक लिमिटेड**

**Tinau Development Bank Limited**

(नेपाल राष्ट्र बैंक बाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था)

**सम्पर्क**

बुटवल ८, हस्पिटललाइन, रूपन्देही

फोन नं. ०७१-५४५२०५, ५४५५७६,

फ्याक्स नं. ०७१-५४२८१२